# प्रदेश राजपत्र

सुदूरपश्चिम  प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, चैत २१ गते, २०८१ साल (संख्या १२

## भाग २

## सुदूरपश्चिम  प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना



### सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१

सुदूरपश्चिम  प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम  प्रदेश वन ऐन, २०७७ को दफा ९९ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम  प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सुदूरपश्चिम  प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुदूरपश्चिम  प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ को दफा ३० मा संशोधनः** सुदूरपश्चिम  प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ को दफा ३० मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

आज्ञाले,<br>
प्रमोद भट्टराई<br>
प्रदेश सरकारको सचिव

मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-